जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः ११, अंकः १३ पृष्ठः ४ | २०८१ वैशाख १९ गते बुधबार (Wednesday 01 May 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## डिजेल र मट्टितेलको मूल्य घट्यो, हवाई इन्धनको बढ्यो



काठमाडौं, १८ वैशाख। नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ भने हवाई इन्धनको मूल्य बढाएको छ। मंगलबार बसेको निगम सञ्चालक समितिको बैठकले डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर २ रुपैयाँ र हवाई इन्धनमा आन्तरिकतर्फ प्रतिलिटर एक रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिकिलो लिटर अमेरिकी डलर ७ (सात) ले वृद्धि गरेको हो। नयाँ मूल्य सूची बुधबार बिहान १ बजेदेखि लागू हुने निगमले जनाएको छ। निगमका अनुसार पेट्रोल र एल. पि. ग्यासको बिक्री मूल्य यावत रहेको छ। इण्डियन आयल कर्पोरेशनबाट मंगलबार पेट्रोल र डिजेलको मूल्यमा घटेर तथा हवाई इन्धनको मूल्य बढेर आएको थियो।

## इलाम २ मा एमालेका सुहाङ नेम्वाङ विजयी



काठमाडौं, १८ बैशाख। इलाम २ बाट नेकपा एमालेका उम्मेदवार सुहाङ नेम्वाङ फराकिलो मतान्तरसहित विजयी भएका छन्। सुहाङले २७ हजार सात सय ७२ मत प्राप्त गर्दै विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका डम्बर खड्का २१ हजार नौ सय ४२ मत प्राप्त गरेका छन्। त्यसैगरी पहिचान पक्षका स्वतन्त्र उम्मेदवार डेकेन्द्र थेगिमले ११ हजार चार सय ५७ मत प्राप्त गरेका छन् भने रास्वपा मिलन लिम्बुले पाँच हजार ५० मत प्राप्त गरेका छन्। कुल एक लाख १५ हजार आठ सय ८९ मतदाता रहेको इलाम २ मा ६९ हजार दुई सय ८७ मत खसेको थियो, जसमा ६८ हजार हजार ७२ मत सदर भएको आयोगले जनाएको छ।

# उपचार खर्च तिर्न नसक्दा अस्पतालमै रहेका रामविनय २५ दिनपछि गए घर





जनकपुरधाम, १८ वैशाख। जनकपुरधामको कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर अस्पतालबाट डिस्चार्ज भएको २५ दिनपछि रामविनय महरा घर जान पाएका छन्। मानवअधिकारवादी संघसंस्था र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा परिवारजनले थप ५० हजार मात्र रकम बुझाएर अस्पतालले सोमबार घरजान दिन सहमत भएको हो। गत चैत १४ गते मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भएका रामविनयलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको थियो। त्यहाबाट घरपरिवारलाई थाहै नदिई न्यूरोसम्बन्धी उपचारको लागि कृष्णा मेडिकलमा भर्ना भएका जनकपुरधाम उपमहानगरपालिका १७ का २२ वर्षीय रामविनय उपचार खर्च बुझाउन नसक्दा घरजान पाएका थिएनन्।

उनको गत चैत २२ गतेसम्म फार्मेसी बाहेक ३ लाख उपचार खर्च भएको थियो। विपन्न घरपरिवारले मात्र औसधि र उपचारको ९० हजार बुझाएको थियो। थप रकम बुझाउन नसक्दा अस्पतालकै आईसीयूमा बन्धक जस्तै बनेका रामविनयको बारे अनलाइनखबरले समाचार सार्वजनिक गरेपछि मानवअधिकारवादी संघसंस्था र मधेश सरकारको स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण भएको थियो। राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय जनकपुरकी रेखा दत्त, इन्सेकको प्रदेश कार्यालय जनकपुरका प्रमुख राजु पासवान र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरको पहलमा केवल थप ५० हजार रकम लिएर अस्पताल विनयलाई घर जान दिएको हो।

अस्पतालले आजसम्मको करिब ५ लाख उपचार खर्च भएकोमा साढे ३ लाख भन्दा बढी रकम छोडेर सहयोग गरेको अस्पतालका इन्चार्ज देवेन्द्र यादवले बताए। उनले न्यूरो सम्बन्धि गम्भीर घाइते रामविनयलाई शल्यक्रिया गरी पहिले रकम नबुझाएपनि उपचारमा कुनै कन्जुस्याइ नगरी ज्यान जोगाएको बताए। रामविनयका बुबा पंचु महरा र आमा प्रमिला महरा संघसंस्थाको पहलमा उपचार खर्च धैरै रकम छाडेर छोरालाई घर जान दिएकोमा सबैलाई धन्यवाद दिए। सम्पतिको नाममा केवल दुईधुर घडेरी बाहेक केही नरहेका महरा परिवार छोराको उपचार खर्च जुटाउन भौतारिरहेका थिए।

## चिम्टीमा भीषण आगलागी



सप्तरी, १८ वैशाख। सप्तरीको महादेवा गाउँपालिकामा आज भीषण आगलागी भएको छ। आगलागीबाट एक सय बढी घर जलेर नष्ट भएको छ। गाउँपालिकाको वडा नम्बर १ चिम्टी टोलमा तीव्र गतिमा हावा चलेको बेला आगलागी हुँदा ठूलो क्षति भएको प्रहरीले जनाएको छ। वडाध्यक्ष जयकिशोर दासका अनुसार स्थानीय शत्रुधन यादवको घरबाट सुरु भएको आगलागीले गाउँ नै जलेको हो। उनले यादव, मुसहर र मुस्लिम समुदायको बसोबास रहेको यो बस्तीका अनुमानित एक सय ५० भन्दा बढी घर जलेर नष्ट भएको प्रारम्भिक अनुमान गरिएको वडाध्यक्ष दासले बताए।

आगो निभाउने प्रयास भइरहेको छ। यता राजविराज, शम्भुनाथ, हनुमाननगर कंकालिनी नगरपालिकाबाट आएको वारुण यन्त्रका साथै नेपाल प्रहरी र स्थानीयले आगो निभाउने काम गरिरहेका छन्। आगलागी अहिले पनि भइरहेकोले थप विवरण आउन बाँकी रहेको प्रहरीको भनाइ छ। उक्त आगलागीमा करिब ६०/७० लाख भन्दा बढी मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## शिशु हत्या आरोपमा युवती पक्राउ

विराटनगर, १८ वैशाख। नवजात शिशुको हत्या आरोपमा प्रहरीले मोरङ मिक्लाजुङकी एक युवतीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार मिक्लाजुङ गाउँपालिका-१ सातबोटेकी २६ वर्षीया अस्मिता राई पक्राउ परेकी हुन्। उनको घरदेखि उत्तर बाँसघारीमा नवजात शिशुको शव भेटिएको थियो। उक्त शिशुलाई राईले जन्म दिएको प्रहरीको दाबी छ।

-बाँकी तीन पेजमा

## बैंकबाट १ करोड भन्दा बढी रकम चोरी

वीरगन्ज, १८ वैशाख। वीरगन्जमा रहेको नबिल बैंकको शाखाबाट एक करोड ३४ लाख रुपैयाँभन्दा बढी नगद रकम चोरी भएको छ। बाइपास सडकमा रहेको बैंकको शाखाबाट गत आइतबार राति १ करोड ३४ लाख ६५ हजार रुपैयाँ नगद चोरी भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाका अनुसार सोमबार बिहान ८.४५ बजेतिर बैंकका सुरक्षा गार्ड बैंकमा पुग्दा मूल गेटमा अर्कै नयाँ ताल्चा लगाएको देखेपछि बैंकका शाखा प्रबन्धक पवन पौडेललाई फोन गरेर खबर गरेका थिए। पौडेलले प्रहरीलाई खबर गरेपछि पुगेको प्रहरी टोलीले मूल गेटमा लगाइएको नयाँ ताल्चा फोडेर भित्र प्रवेश गर्दा बैंकबाट १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरी भएको पाइएको प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिए।

बैंकभित्र टिनको बाकसभित्र राखिएका १ सय र २० दरका नोट गरी १ करोड ३४ लाख ६५ हजार रुपैयाँ चोरी भएको प्रहरीको भनाइ छ। नबिल बैंकको उक्त शाखामा रातिको समयमा सुरक्षा गार्ड नबस्ने र सोही मौका छोपेर चोरहरूले बैंकमा पसेर चोरी गरेको प्रहरीले जनाएको छ। प्राम्भिक अनुसन्धानका क्रममा

-बाँकी तीन पेजमा



# सम्पादकीय

## सफल भएकै हो त लगानी सम्मेलन ?

नेपालमा आयोजना गरिएको 'तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन–२०२४' सफल भएको दाबी आयोजकहरूले गरेका छन्। सरकारी र निजी क्षेत्रका प्रतिनिधिहरूका अनुसार लगानी सम्मेलनमा विकास साझेदारहरूको सक्रिय सहभागिताले उनीहरू उत्साहित भएका हुन्। राजधानी काठमाडौंमा आयोजित लगानी सम्मेलन दुई दिनसम्म चलेको थियो। सम्मेलनमा ६० देशका २ हजार १६३ जना सहभागी भएका थिए। तीनमा बाहुल्य भने नेपाली लगानीकर्ताका अतिरिक्त रुचिनियाँ र भारतीयको थियो।

सन् १९९० कै दशकको सुरुमा नेपालमा अर्थतन्त्रको उदारीकरण थालिएको भए पनि अहिलेसम्म औद्योगिक विकास हुनसकेको छैन। लोकतन्त्रको पुनःस्थापनालगत्तै नेपाली कांग्रेसको सरकारले अपनाएको उदार अर्थतन्त्रको नीतिले सुरुमा वैदेशिक लगानी आकर्षित पनि भएको हो। परन्तु, वैदेशिक लगानीका समेत उद्योगहरूको सञ्चालन अनुभव भने सुखद हुनसकेको देखिएन। एकातिर, प्रशासनिक झन्झट र भ्रष्टाचार तथा अर्कातिर राजनीतिक दलका नेतादेखि टोले गुण्डासमेतलाई रिझाउन नसके उद्यम व्यवसाय चलाउन नसकिने अवस्था उत्पन्न भयो।

त्यति नै बेला नेपालमा हिंसात्मक विद्रोहका नाममा भौतिक पूर्वाधार र उद्योग व्यवसायमा आक्रमण बढ्न थाल्यो। विशेषगरी उद्यम व्यवसायमा गरिने वैदेशिक लगानीलाई 'नवउपनिवेशवादी शोषण'का रूपमा अर्थ्याउने तत्कालीन सशस्त्र विद्रोही माओवादीको आतङ्कका कारण कतिपय उद्योग सधैँका लागि बन्द भए। त्यसपछि राजनीतिक उथलपुथलका कारण पनि उद्योग व्यवसायमा वैदेशिक त परै रहोस् स्वदेशी लगानीसमेत आकर्षित हुने अवस्था बनेन। राजनीतिक शक्तिहरूको पुँजीवाद तथा उदार अर्थतन्त्र विरोधी 'लफ्फाजी'का कारण पनि नेपालमा लगानी गर्न हिचकिचाउने स्थिति बन्यो। यसैबीच मुलुकलाई 'समाजवाद उन्मुख राज्य' घोषणा गरिएको संविधान बन्यो। यद्यपि, संविधानका प्रावधानहरू भने स्वयंमा उदार अर्थतन्त्र विरोधी छैनन्। यसपछि भएका चुनावहरूबाट सिद्धान्ततः पुँजीलाई शोषणको माध्यम ठान्ने कम्युनिस्टहरू शासनमा निर्णायक भए। यस्तो लगानीमैत्री वातावरण नभएको देशमा लगानी गर्न उद्यमी व्यवसायी तयार भएनन्। नेपालमा वैदेशिक लगानीका लागि प्रमुख राजनीतिक दलका नेताहरूले एकमुखले आह्वान गरेकाछन्। विदेशीहरूका सामु यसले नेपालको इज्जत बढाएको छ। तर, विशेषगरी वैदेशिक लगानी आकर्षित हुन त राज्यका संयन्त्रप्रति विश्वास बढ्नुपर्छ। अनिमात्र सम्मेलन सफल भएको मान्न सकिनेछ।

लगानी सम्मेलनमा नेपालमा 'नीतिगत स्थिरता', भएको उदार अर्थव्यवस्थाप्रति राष्ट्रिय प्रतिबद्धता रहेकोलगायत धेरै सकारात्मक पक्षका बारे निकै बढाइचढाइ गरिएको छ। कार्यान्वयनका क्रममा भने सरकारी व्यवहार त्यसको ठीकविपरीत रहेको अनेकौं उदाहरण छन्। सम्भवतः यसैले लगानी यस सम्मेलनका सहभागीहरूले पनि ठोस प्रतिबद्धता प्रकट गर्न खासै उत्साह नदेखाएका होलान्। यसैले यो सम्मेलनको सफलता पनि विगतमा जस्तै सायद सरकारी कार्यक्रमको प्रगतिमा सीमित हुनेछ। तैपनि, अपेक्षा गरौँ सम्मेलनका सहभागीलाई सरकारले झकझक्याई रहनेछ र सहभागीहरूले पनि नेपाल भ्रमणलाई 'गोष्ठी पर्यटन'मा सीमित बनाउनेछैनन्।

# मध्यवर्ती सामुदायिक वन संरक्षणमा छैन चासो, काठ बेचेर कमाउनै ध्यान

**शारदा पोखरेल**

बारा, १८ वैशाख। राधाकृष्ण मध्यवर्ती सामुदायिक वन पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतको सबैभन्दा ठुलो सामुदायिक वन समूह हो। ६५० हेक्टर क्षेत्रफलमा रहेको यो सामुदायिक वनको ठुलो भूभाग खेलमैदान, चरिचरन, उद्योग र स्थानीयहरूको अतिक्रमणको चपेटामा परेको छ। खुला चरिचरन, डढेलो र घाँसदाउरा गर्नेहरूका कारण वन क्षेत्र उजाड र खाली गौचरन बन्दै गएको छ। करिब १ हजार ४ सय घरधुरी सदस्य रहेको सो सामुदायिक वनले बर्सेनि सयौँको संख्यामा सालका ठुलाठुला रुख कटान गरेर उपभोक्ताहरूलाई गोलिया बिक्री गर्दछ। जसबाट वार्षिक ५० लाख रुपैयाँभन्दा बढी आम्दानी हुन्छ।



मध्यवर्ती क्षेत्रका सामुदायिक वन समूहहरूले उपभोक्तालाई काठ बिक्री गरेबापतको ६० प्रतिशत आम्दानी वन संरक्षणमा खर्चनुपर्ने विधानमा उल्लेख छ। तर राधाकृष्ण सामुदायिक वनले हालसम्म संरक्षणको पाटोमा कुनै काम गरेको छैन। सो सामुदायिक वनले काठ दाउरा बिक्री गरेबापत वार्षिक ५० लाखको आम्दानीले कार्यालय रङरोगन, भवनको तला थप्ने, फूल बगैँचा, तलब, भत्ता र कार्यालय शृङ्गारमा खर्च गरेको छ।

यता सामुदायिक वनभित्र तारबार, घेराबारा, वृक्षारोपण, डढेलो नियन्त्रण, स्थानीय र उद्योगहरूले अतिक्रमण गरेको वन क्षेत्र संरक्षण, खुला चरिचरन, घाँसदाउरा कटान नियन्त्रण, सिमसार क्षेत्र संरक्षण गर्न नसक्दा वन क्षेत्र भने बर्सेनि उजाड बन्दै जानुका साथै क्षेत्रफलसमेत साँघुरिँदै गएको छ। सामुदायिक वनभित्र पर्यटनमैत्री संरचना निर्माण हुन सकेका छैनन् भने वन्यजन्तु र मानवबिचको द्वन्द्व पनि भयावह बन्दै गएको छ। सामुदायिक वनभित्र देखिएका अनेकौँ समस्या समाधान र संरक्षणलाई बेवास्ता गर्दै वन समूहका पदाधिकारीहरू भने बर्सेनि ठुला सालका रुख काट्ने र गोलिया बिक्री गर्नमै मस्त देखिन्छन्।

राधाकृष्ण मध्यवर्ती सामुदायिक वनको जस्तै समस्या जनजागरण, मुसर्नीमाई र भीमेश्वर सामुदायिक वनमा पनि छ। २०७४ सालमा अम्लेखगञ्ज–मोतिहारी पेट्रोलियम पाइपलाइन निर्माणको क्रममा भीमेश्वर सामुदायिक वनमा मात्रै १७ हजार क्युफिट काठ कटान भएको थियो। जसमध्ये केही काठ सामुदायिक वनका सदस्यहरूले उपभोग गरे भने ८ देखि १० हजार क्युफिट काठ डढेलो र बर्खाले कुहिएर माटो भइसकेको भीमेश्वर सामुदायिक वन समूहका अध्यक्ष पेशल मुल्मीले जनाए।

'२०७४ सालमा पाइपलाइन निर्माणको क्रममा कटान भएका कु–काठ त सबै डढेलो र पानीले खाइसक्यो। केही साल प्रजातिका काठ बिक्री अनुमति लिन हामी अहिले पनि मन्त्रालय र विभाग धाइरहेका छौँ,' अध्यक्ष मुल्मीले भने। यता मुसर्नीमाई र जनजागरण सामुदायिक वन समूहको अवस्था पनि उस्तै छ। यी सामुदायिक वन समूहले यस वर्ष कटान, छपान गरेर गोलिया काठ घाटगद्दीमा थुपारेका छन्। बर्सेनि लाखौँ रुपैयाँको काठ, दाउरा बेच्ने यी दुई सामुदायिक वनले पनि संरक्षणको पाटोमा कुनै काम गर्न सकेका छैनन्। मुसर्नीमाई सामुदायिक वनभित्र रहेको ५० औँ वर्ष पुरानो सिमसार क्षेत्र पूरै अतिक्रमणमा परेको छ।

जनजागरण सामुदायिक वन समूहका उपभोक्ता भरत बहादुरले खुला चरिचरन, घाँसदाउरा गर्नेहरूका कारण जङ्गलमा सालका बिरुवाहरू मासेर वनक्षेत्र पूरै उजाड भइसकेको बताए। 'जङ्गलभित्र छिर्नुस्, सबैतिर खाली छ, सालैपिच्छे गोलिया काट्छन्। घाँसदाउरा गर्न आउनेले दिनकै भारीका भारी सालका बिरुवा काटेर लगेपछि कसरी वन पैदावार रहन्छ ?' स्थानीय भरत बहादुरले भने, 'जङ्गलभित्र घेराबारा, तारबार, वृक्षारोपण झाडी सफाइ, डढेलो नियन्त्रण केही छैन, बर्सेनि काठ बेच्यो, बाँडीचुँडी खायो, सकियो।'

करिब ४ सय हेक्टर क्षेत्रफल रहेको सो सामुदायिक वनमा आधा दर्जन गाउँ जोडिएका छन्। वनको ठुलो भूभाग विभिन्न बहानामा अतिक्रमणमा परेर वनको जग्गा सम्बन्धी मुद्दा अहिले पनि उच्च अदालत जनकपुरको वीरगन्ज इजलासमा विचाराधीन अवस्थामा छ। जनजागरण सामुदायिक वनका अध्यक्ष आशिष लामाले सामुदायिक वनहरूमा अन्य कार्यक्रम नहुँदा बर्सेनि रुख कटान गरेर त्यसको आम्दानीले कार्यालय खर्च चलाउनै ठिक्क भएको बताए।

'जङ्गलमा झाडी सफाइ गर्न निकुञ्जसँग अनुमति लिनुपर्छ। प्रक्रिया पनि झण्झटिलो छ, तारबार गर्ने हामीसँग पैसा छैन। काठ बेचेको आम्दानीले कार्यालय खर्च चलाउँदैमा ठिक्क हुन्छ,' अध्यक्ष लामाले भने, 'काठ बिक्री गरेको ६० प्रतिशत रकम संरक्षण क्षेत्रमा र ४० प्रतिशत सामुदायिक विकासमा खर्च गर्नुपर्ने विधान र कार्ययोजनामा त छ तर हामीले त्यसो गर्न सकेका छैनौँ।' कार्ययोजनामा सामुदायिक वनहरूले ढलापडा रुखहरू मात्रै कटान, छपान गर्ने भने पनि सामुदायिक वन समूहका पदाधिकारीहरूले निकुञ्ज कर्मचारीसँगको मिलेमतोमा कागजी रुपमा ढलापडा रुखको नम्बरमा ठुला सालको रुखहरू कटान गरेको उपभोक्ताहरूको गुनासो छ।

मुसर्नीमाई सामुदायिक वनका अध्यक्ष कुवेर दत्त न्यौपानेले सबै ढलापडा रुख कटान गरेको दाबी गरेका छन्। 'यसपटक २ हजार २२ सय क्युफिट काठ उत्पादन भएको छ, अहिलेसम्म हामीले काठ बेचेर संरक्षणमा खासै काम गर्न नसके पनि यसपटक तारबारमा लगाउने विचार गरेका छौँ,' उनले भने। २०६२ सालमा मध्यवर्ती क्षेत्र घोषणा भएको हो। यो २ दशकको अवधिमा सामुदायिक वन समूहहरूमा दर्जनौँ अध्यक्ष, पदाधिकारी हेरफेर भए तर अधिकांशको ध्यान संरक्षणभन्दा पनि ठुला सालका रुख कटान गर्ने र गोलिया बिक्री गर्नेमै केन्द्रित देखिएको छ।

राधाकृष्ण मध्यवर्ती सामुदायिक वनका संस्थापक अध्यक्ष मधुसुदन सिटौलाले सामुदायिक वनहरूले कार्ययोजना विपरीत काम गरे पर्सा राष्ट्रिय निकुञ्जलाई अनुगमन गरेर कारबाही गर्नसक्ने अधिकार भएको बताए। 'सामुदायिक वनको कार्ययोजना स्वीकृत गर्ने अधिकार पर्सा राष्ट्रिय निकुञ्जलाई हुन्छ तर उसले कार्ययोजना पास गर्दा नै कानुन अनुसार खर्च भएको छ/छैन भन्ने हेरेको देखिएन,' संस्थापक अध्यक्ष सिटौलाले भने, 'यो सामुदायिक वनभन्दा पनि निकुञ्जको कमजोरी हो।' पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत बारा, पर्सा, मकवानपुरमा ४६ वटा सामुदायिक वन र १३ वटा उपभोक्ता समिति छन्। यी सबै सामुदायिक वनको अवस्था उस्तै छ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष सीताराम अर्यालले वन समूहहरूको काम रुख काटेर बिक्री गर्ने र बालुवा, ढुङ्गा, गिटी बेच्ने मात्रै भएको आरोप लगाए। 'मध्यवर्ती क्षेत्रको ठुलो भूभाग अतिक्रमणमा परेको छ, अहिले वन समूहहरूको काम भनेको रुख काटेर बिक्री गर्ने मात्रै भएको छ,' अर्यालले भने, 'सामुदायिक वनहरूलाई संरक्षण र आयआर्जनसँग जोड्ने हो भने हामीले पर्यटनमैत्री संरचना निर्माण गरेर प्रचारप्रसार गर्नुपर्छ।' जनहित उपभोक्ता समितिका अध्यक्ष अमृतलाल श्रेष्ठले पनि सामुदायिक वनहरूले काठ दाउरा बिक्री गरेबापतको आम्दानीबाट संरक्षणको काम गर्न नसकेको बताए। 'सामुदायिक वनको पहिलो प्राथमिकता र उद्देश्य भनेकै वन, जङ्गल संरक्षण हो तर हामीले त्यसमा काम गर्न सकेका छैनौँ। अरू सामुदायिक वनमा त बजेट नभएर हो तर राधाकृष्णलाई गत वर्ष नै तारबारको कुरा उठेको थियो। उहाँहरूले कार्यालय रङरोगन, भवनको तला थप्ने काममा खर्च गर्नुभयो,' श्रेष्ठले भने।

आगामी वर्ष स्थानीय तहसँग बजेट मागेर वा सामुदायिक वनकै आम्दानीबाट तारबार गर्ने, सामुदायिक वनभित्र रहेका खेल मैदानहरू हटाएर वृक्षारोपण गर्ने योजना रहेको उनले बताए। सामुदायिक वनले विधान र कार्ययोजना अनुसार काम गरे/नगरेको अनुगमन गर्ने जिम्मेवारी पाएको पर्सा राष्ट्रिय निकुञ्ज पनि यस्ता कार्यमा मौन देखिन्छ। निकुञ्जका संरक्षण अधिकृत सन्तोष भगतले सामुदायिक वनले गरेका काम निकुञ्जले ठाडो हस्तक्षेप गर्न नमिल्ने बताउँछन्।

# दुर्गा प्रसाईंलाई हतियार राख्न अनुमति दिनेलाई कारबाही सिफारिस

काठमाडौं, १८ वैशाख। झापाका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई अर्धस्वचालित हतियार राख्न अनुमति दिनेलाई कारबाही सिफारिस गरिएको छ। लाइसेन्स लिएरसमेत राख्न नमिल्ने हतियार प्रसाईंले राखेको पुष्टि भएपछि कारबाहीको सिफारिस गरिएको हो। त्यसका साथै प्रसाईंले बोकेको अर्धस्वचालित हतियार जफत गर्नुपर्ने समितिको सिफारिस छ। प्रसाईंको हतियारबारे छानबिन गर्न गृह मन्त्रालयले सहसचिव राजेन्द्रदेव पाण्डेको संयोजकत्वमा समिति बनाएको थियो। समितिले सोमबार उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई बुझाएको प्रतिवेदनमा प्रसाईंलाई अर्धस्वचालित हतियार राख्न दिनेलाई कारबाही सिफारिस गरिएको समितिका एक सदस्यले बताए।

'लाइसेन्स लिएरसमेत राख्न नमिल्ने हतियार राखेको पुष्टि भएको छ। अर्कोतर्फ नेपालभर बोक्नका लागि अनुमति दिएको पाइएपछि कारबाहीका लागि सिफारिस गरिएको हो' समितिका एक सदस्यले भने। समितिको प्रतिवेदन बुझ्दै कार्यान्वयनमा लैजाने गृहमन्त्री लामिछानेले बताइसकेका छन्। प्रसाईंले जिल्ला प्रशासन कार्यालय झापाबाट २१ असार २०७५ मा हतियारको लाइसेन्स लिएका थिए। प्रसाईंको हतियार लाइसेन्स नम्बर १०१३१ छ।

झापाका तत्कालीन प्रमुख जिल्ला अधिकारी (सीडीओ) जनकराज दाहालले प्रसाईंलाई हतियारको लाइसेन्स दिएको खुलेको छ। दाहाललाई विभागीय कारबाहीका लागि सिफारिस गरिएको छ। तत्कालीन सीडीओ दाहालले प्रसाईंको सुरक्षाका लागि बुद्धशान्ति–३ झापाका दीपक खड्काले बोक्न मिल्ने गरी हतियारको लाइसेन्स दिएका थिए। कुनै जिल्लाभर हतियार बोक्न अनुमति दिनुपर्नेमा प्रसाईंलाई नेपालभर बोक्न अनुमति दिइएको थियो।

त्यसैगरी हतियारको नवीकरण गर्नेलाई समेत विभागीय कारबाही गर्नुपर्ने समितिले औंल्याएको छ। अत्याधुनिक हतियार देशैभर बोक्नका लागि अनुमति दिइएको र नवीकरण गर्नेले समेत त्यसलाई निरन्तरता दिएकाले दुवैलाई विभागीय कारबाही गर्नुपर्ने समितिको निष्कर्ष छ। प्रसाईंको हतियार ७ पुस २०७९ मा २०८१ सालको असार मसान्तसम्मका लागि नवीकरण भएको थियो। ५ चैतमा सर्वोच्च अदालतको गेटबाट प्रसाईंका बडिगार्ड रामकुमार धिमाल र दीपक खड्का १०० राउण्ड गोली र हतियारसहित पक्राउ परेका थिए। उनीहरू पक्राउ परेपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो। पक्राउ पर्दा खड्काले बोक्नुपर्ने हतियार अर्का बडिगार्ड रामकुमार धिमालले बोकेको प्रहरीले जनाएको छ।

बडिगार्डद्वयले दायर गरेको बन्दीप्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै थुनामुक्त गरी हतियारबारे छानबिन गर्न भन्दै सर्वोच्च अदालतले गृह मन्त्रालयलाई आदेश दिएको थियो। १५ चैतमा सहसचिव पाण्डेको संयोजकत्वमा गृहले उपसचिव ऋषि पौडेल र एसपी सन्तोष भट्टराई सदस्य तथा एकदेव अधिकारी सदस्य सचिव रहेको समिति बनाएर छानबिन गरेको थियो। छानबिनका क्रममा प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाले जाँच गरेको रिपोर्टमा प्रसाईंको नाममा रहेको हतियार अर्ध स्वचालित रहेको खुलेको थियो। प्रसाईंले सामान्य हतियारको लाइसेन्स लिएर अत्याधुनिक हतियार लिएको समितिले

–बाँकी तीन पेजमा

# उपनिर्वाचनमा किन हार्‍यो कांग्रेस ?

**लोकेन्द्र भट्ट**

काठमाडौँ, १८ वैशाख। प्रमुख विपक्षी नेपाली कांग्रेसका लागि वैशाख १५ मा सम्पन्न उपनिर्वाचन सुखद रहेन। इलाम–२ र बझाङ प्रदेश सभा–१को परिणाम नेकपा एमालेको पक्षमा रह्यो। दुवै ठाउँमा निकटतम् प्रतिस्पर्धी बनेको कांग्रेस एमालेसामु नतमस्तक भएको हो। इलाम–२ को सिट एमालेबाट खोस्ने रणनीतिका साथ चुनावी मैदानमा उत्रिएको कांग्रेस विगतमा जितेको बझाङ प्रदेश सभा–१ समेत गुमाउन पुग्यो। २०७९ को आम चुनावमा तीन दल (माओवादी, एकीकृत समाजवादी, लोसपा)को साथमा एमालेविरुद्ध उभिएको कांग्रेस उपनिर्वाचनमा एक्लै मैदानमा उत्रिएको थियो। गत चुनावमा गठबन्धन गर्दा घाटा भएको निष्कर्ष निकालेको कांग्रेसलाई एक्लै चुनाव लड्दा थप धक्का लागेको छ।

### उपनिर्वाचनमा नेतृत्व उदासीन

कांग्रेस सभापति शेरबहादुर देउवाले विज्ञप्तिमार्फत काठमाडौँबाट भोट मागे पनि इलाम र बझाङ जान आवश्यक ठानेनन्। उपसभापति पूर्णबहादुर खड्कालाई उपचुनावको परवाह भएन। उनी उपचुनावको गतिविधिमा उदासीन रहे। उपसभापति धनराज गुरुङले एक पटक इलाम पुगेर उपचुनावको कर्म सकिएको ठाने। महामन्त्री गगन थापा इलाम–२ मा दुई पटक पुगे पनि बझाङमा पाइला टेकेनन्। उपनिर्वाचनको अवधिमै संवाद यात्रामा कञ्चनपुरसम्म पुगेका थापाले बझाङलाई उपेक्षा गरे। वैशाख ९ मा इलाम बजारमा चुनावी खुला सभालाई सम्बोधन गरेर थापा अमेरिका हिँडे।

महामन्त्री विश्वप्रकाश शर्मा र नेता शेखर कोइरालाको जोडबलले इलाममा सार्थकता पाएन। इलाम–२ का चुनावी कमाण्डर शर्मा उम्मेदवारी दर्तादेखि मतगणनासम्म इलाममै थिए। बझाङ प्रदेश सभाका चुनावी कमाण्डर नेता एनपी साउद भने ग्राउडमा धेरै खटेनन्। पार्टीका शीर्ष नेताले उपनिर्वाचनमा जिम्मेवारी निर्वाह नगरेको गुनासो कांग्रेसजनमा छ। नेता शेखर कोइरालाले सभापति र उपसभापतिहरू उपनिर्वाचनमा मत माग्न नगएको कुरा उठाए। उनले भने, 'म त बिरामी भएर पनि इलाम पुगेको हुँ। सकेजति प्रयास पनि गरेँ। तर, सभापति र उपसभापतिहरू जानु भएन। किन जानु भएन, उहाँहरू नै जान्नुहोला,' उनले भने।

### हिन्दु राष्ट्र फ्याक्टर

गत फागुन ७–१० को महासमिति बैठकमा हिन्दु राष्ट्रका पक्षमा भएको बहसले इलाम–२ मा धक्का लागेको कांग्रेसको बुझाइ छ। महासमिति बैठकले केन्द्रीय सदस्य शंकर भण्डारीको नेतृत्वमा एक हजार महासमिति सदस्यले हिन्दु राष्ट्रसम्बन्धी प्रस्तावमा हस्ताक्षर गरेका थिए। पार्टीका पदाधिकारीसहित ३९ जना केन्द्रीय नेता पनि हिन्दु राष्ट्रको पक्षमा उभिए। महासमिति बैठकको हलमा हिन्दु राष्ट्रको एजेण्डाले प्रवेश पाएपछि कांग्रेसको आदिवासी जनजाति महासंघले काउन्टर प्रस्ताव पेस गरेको थियो।
कांग्रेसको भ्रातृ संस्था मगर संघका अध्यक्ष निदेश थापा मागरले महासमितिमा जबर्जस्त उठेको हिन्दु राष्ट्रको मुद्दालाई इलाम–२ मा कांग्रेसलाई घाटा भएको बताए।

'इलाम–२ मा ७० प्रतिशत आदिवासी जनजाति समुदायको बसोबास छ। हामीले यस पटक आदिवासी जनजातिको भोट पाउन सकेनौँ,' उनले भने, 'महासमितिमा हिन्दु राष्ट्रको मुद्दामाथि भएको बहस उहाँहरू कांग्रेससँग सशङ्कित भएको देखिन्थ्यो। त्यो मतमा पनि प्रकट भयो।'

### उम्मेदवार छनोटमा कमजोरी

उपनिर्वाचनमा ढिलो गरी उम्मेदवारी टुंग्याएको कांग्रेसले इलाम–२ को पार्टी संरचनालाई नजरअन्दाज गर्‍यो। उम्मेदवारी सिफारिसको समयमा निर्वाचन क्षेत्रका ४२ वडामध्ये ३७ वटा वडाका कांग्रेस सभापतिहरू भेषराज आचार्यलाई नै टिकट दिनुपर्ने पक्षमा थिए। सोही आधारमा पार्टीको इलाम–२ क्षेत्रीय समिति, इलाम जिल्ला समिति र कोशी प्रदेश समितिले एक नम्बरमा सिफारिस भएका आचार्यलाई पन्छाएर तीन नम्बरमा सिफारिस भएका खड्कालाई टिकट थमायो। कांग्रेस सभापति देउवाले २०७९ मा ११४ मतले पराजित खड्कालाई 'पाँच वर्ष उसैको' भन्दै टिकट दिएका थिए।

पार्टीमा लामो रस्साकसीका बिच टिकट फुत्काएका खड्का इलाम–२मा एमालेलाई स्तब्ध तुल्याउन असफल भए। निर्माण व्यवसायीसमेत रहेका खड्काले ठेक्का लिएर समयमै निर्माण सम्पन्न नगरेको र अलपत्र आयोजनाको विषय पनि भारी पर्‍यो। गत निर्वाचनमा पराजित भएपछि अन्तर्घात गरेको आशंकामा पार्टी कार्यकर्तामाथि गरेको अभद्र व्यवहारले पनि खड्काले चुनाव हारेको कांग्रेसवृत्तमा चर्चा छ। इलाम–२ मा स्थलगत रिपोर्टिङ गर्दा 'डम्बरलाई डम्बरकै डर' हुने आकलन गरेको थियो। खड्काले रुखमा आएको मत ( समानुपातिक) पाए पनि आफ्नो व्यक्तित्वले थप मत बटुल्न सकेनन्।

पार्टीको संस्थापन इतर पक्षको दबदबा भएको इलाम–२ मा संस्थापन पक्षीय खड्काको हारमा ह्याट्रिक भएको छ। २०७४ मा इलाम–२ को प्रदेश सभा (१) मा उनी पराजित भएका थिए। इलाम–२ मा २०७९ को आमनिर्वाचन र २०८१ को उपनिर्वाचन पनि खड्काको पक्षमा रहेन। नेता कोइरालाका अनुसार टिकट दिँदा स्थानीय पार्टी पंक्तिको कुरालाई नेतृत्वले नजरअन्दाज गर्नु पनि हारको कारक बन्यो। 'हामीले के भन्यौँ भन्दा पनि स्थानीय साथीहरूको कुरा के छ भन्नेमा नेतृत्वले नजरअन्दाज गर्‍यो। यो पनि हाम्रो हारको कारक बन्योजस्तो लाग्छ,' उनले भने, 'सबै साथीहरू लाग्दा पनि परिणाम हाम्रो पक्षमा पार्न सकिएन।'

### 'मुढा'प्रतिको उदारता घातक

इलाम–२ मा कांग्रेसले पहिचानवादी उम्मेदवार डकेन्द्र थेगिमले एमालेको मत बढी काट्ने अपेक्षा गरेको थियो। एमाले पृष्ठभूमिका थेगिमले चुलाचुली, माङसेबुङ र फाकफोकथुम गाउँपालिकामा एमालेको मत काट्दा आफूलाई राहत हुने कांग्रेसको बुझाइ थियो।
पूर्वी नेपालको पहिचानवादी आन्दोलनप्रति अनुदार एमालेको विकल्पमा आदिवासी जनजाति समुदायले थेगिमलाई रोज्ने कांग्रेस विश्लेषण थियो।

चुनावी अभियानमा राष्ट्रिय स्वतन्त्र पार्टीप्रति आक्रामक देखिएको कांग्रेस पहिचानवादी उम्मेदवार थेगिमप्रति नरम सुनिन्थ्यो। एमालेले जित्ने परिस्थिति बन्दा पहिचानवादीले कांग्रेसलाई मत दिने पनि कांग्रेसवृत्तमा चर्चा थियो। तर, चुलाचुली, माङ्सेबुङ, र फाकफोकथुममा एमालेले आफ्नो मत जोगाउँदा थेगिम नै कांग्रेसका लागि भारी भए। 'द्वन्द्व मेटिने, पहिचान भेटिने' कांग्रेस नारा पहिचानवादीलाई बुझाउन नसकिएको नेता कोइरालाले बताए। उनले भने, 'हामीले पहिचानवादीलाई हाम्रो कुरा बुझाउन सकेनौँ, कोशी प्रदेश सरकारले पहिचानको मुद्दालाई सम्बोधन गर्ने प्रयास भइरहेको छ। द्वन्द्व मेटिने, पहिचान भेटिने भन्ने हाम्रो नारा उहाँहरूले बुझ्नु भएन। यसमा हाम्रो कमजोरी भयो।' विराटनगरस्थित आफ्नो निवासमा बोलाएर पहिचानवादीसँग कुरा गर्दा पनि उनीहरूलाई सम्झाउन नसकिएको कोइरालाको भनाइ छ।

### खसआर्य रणनीति फेल

आदिवासी जनजातिको बाहुल्यता भएको इलाम–२ मा कांग्रेसले रणनीतिक रुपमा खसआर्य उम्मेदवारलाई खडा गरेको थियो। प्रमुख प्रतिस्पर्धी एमाले, रास्वपा, एकीकृत समाजवादी र पहिचानवादी स्वतन्त्र गरी ४ जना जनजाति समुदायका उम्मेदवारको मत बाँडिदा चुनाव जित्न सकिने कांग्रेसको रणनीति थियो। रास्वपा र एकीकृत समाजवादी प्रतिस्पर्धामै आउन सकेनन् भने स्वतन्त्र उम्मेदवारले कांग्रेसकै मत बढी काट्दा खसआर्य रणनीति फेल खायो। महामन्त्री शर्माले रणनीतिक रुपमा प्रस्तुत हुँदा पनि एमाले र माओवादी एक ठाउँमा आउँदा चुनावमा कांग्रेस पराजित भएको बताए। शर्माले भने, 'हामीले सबै तहबाट प्रयास गरेका हौँ। मत जोगाउन सकिए पनि जित हात पार्न सकिएन। प्रमुख दुई दल मिल्दा पनि हामीले प्रतिस्पर्धात्मक मत पाएका छौँ।'

### नयाँ कुराको अभाव

इलाम–२ मा कांग्रेस नयाँ ढंगले प्रस्तुत नहुँदा चुनाव हारिएको कांग्रेस नेताहरू बताउँछन्। कांग्रेस केन्द्रीय सदस्य रमेश रायमाझीले भने, 'हामी नयाँ ढंगले प्रस्तुत हुन सकेनौँ। सबै कुरा पुरानै पाराको भयो। उम्मेदवार पनि पुरानै भए। हाम्रो काम गर्ने शैली र रणनीति पनि पुरानै भयो। त्यसैले परिणाम पनि पुरानै आयो।' पार्टी संगठन पनि पुरानै अवस्थामा रहेकाले समानुपातिक मतमात्र जोगाउन सकिएको उनले बताए। 'हामीले उपनिर्वाचनका लागि संगठन निर्माणको काम गरेका थिएनौँ,' उपचुनावमा लामो समय इलाम बसेका रायमाझीले भने, 'पुराना साथीहरूले नै मत दिनु भयो। पहिले माओवादी र एकीकृत समाजवादी हुँदा बढी मत पाएका थियौँ। अहिले हाम्रो पुरानो मतमात्रै पायौँ। नयाँ मत पाउनका लागि त नयाँ काम पनि गरेको हुनुपर्थ्यो।'

विगतमा पार्टीको आन्तरिक विवादले चुनाव हारेको कांग्रेसमा यसपटक पनि त्यो देखिएको रायमाझीको बुझाइ छ। 'पुरानो अन्तर्घातको समस्या पनि दोहोरियो। सबै कुरा पुरानै दोहोरिँदा परिणाम नयाँ आएन। यसमा निराश हुनुपर्ने केही छैन,' उनले भने।

### एमालेभित्र खेल्न असफल

सुहाङ नेम्वाङलाई एमाले इलामका स्थानीय नेताको साथ नहुने कांग्रेसको बुझाइ थियो। सुहाङलाई गत फागुन ३० मामात्र एमालेले कानुन विभागको सदस्यमा नियुक्त गरेको हो। पार्टीको भूगोल र भ्रातृ संस्थाको राजनीतिबाट टाढा रहेका सुहाङलाई एमालेले एक्कासी चुनावी मैदानमा उतारेको थियो। पार्टीभित्रै पनि सुवास नेम्वाङपछि मौकाको पर्खाइमा रहेका नेताहरू पार्टी नेतृत्वले सुहाङलाई टिकट थमाएकोमा असन्तुष्ट रहेको चर्चा थियो। नेताहरू सार्वजनिक विरोधमा नउत्रिए पनि सुहाङलाई अन्तरआत्माबाट सहयोग नगर्ने कांग्रेसको विश्लेषण थियो।

एमाले नेता बुद्धि खनाल, रविन्द्र सुवेदीलगायतका नेताले सुहाङलाई सहयोग नगर्दा चुनाव जित्न सहज हुने कांग्रेसको बुझाइ थियो। तर, सुहाङको प्रचारमा पर्याप्त समय नदिएका उनीहरूले अन्तर्घात नगर्दा कांग्रेस पराजित हुनुपरेको कांग्रेसका एक नेताले बताए। 'एमालेभित्र खेल्ने हाम्रो प्रयत्न असफल भयो। अन्तिममा उहाँहरू मिल्नुभयो। केपी ओलीजी १२ गते इलाम आएपछि एमालेभित्रको अन्तरविरोध मिल्यो,' उनी भन्छन्।

### सिट गुमायो, मत जोगायो

उपचुनावमा नतिजा हात पार्न नसके पनि कांग्रेसले २०७९ मा पाएको समानुपातिक मत हल्लिन दिएको छैन। २०७९ मा इलाम–२ बाट कांग्रेसले २२ हजार ३३३ मत पाएको थियो। उपनिर्वाचनमा कांग्रेसले २१ हजार ९४२ मत ल्याएको छ। यसअघि पार्टीलाई आएको ३९१ मत खड्काले नपाएको देखिन्छ। बझाङ प्रदेश सभा–१ मा २०७९ मा कांग्रेसले समानुपातिकतर्फ १० हजार मत पाएको थियो। उपनिर्वाचनमा कांग्रेसका उम्मेदवार अभिषेक सिंहले ११ हजार ३४६ मत पाएका छन्। उपनिर्वाचनमा मत बढाए पनि २०७९ मा माओवादी केन्द्र र एकीकृत समाजवादी साथमा रहँदा जितेको सिट एक्लै लड्दा कांग्रेसले गुमाएको छ।

आम निर्वाचनमा कांग्रेसका पृथ्वीबहादुर सिंहले २०५६ पछि पहिलो पटक बझाङमा जित दर्ता गराएका थिए। उनकै छोरा अभिषेक उम्मेदवार बन्दा पनि एमाले कमब्याक गर्न सफल भयो। पर्याप्त प्रयत्न र कोसिस गर्दा पनि बझाङ प्रदेश सभा–१ को सिट जोगाउन नसकेको कांग्रेस नेता एनपी साउदको भनाइ छ। 'पहिले जित्दा गठबन्धनमा थियौँ। हाम्रो समानुपातिक मत एमालेको भन्दा कम थियो। त्यो दृष्टिकोणले हेर्दा हामीले उल्लेख्य मत प्राप्त गरेका छौँ,' उनले भने, 'केही थप बल लगाउन सकिएको भए जित्न सकिने अवस्था पनि थियो। कहीँ कमी कमजोरी भएको छ भने पनि त्यसको समीक्षा गरिनेछ।'

नेता कोइरालाले पनि इलाम–२ मा कांग्रेसले आफ्नो जनमत जोगाउनु सकारात्मक भएको बताए। 'विभिन्न कमजोरीका बिच हामीले इलाम–२ मा हाम्रो मत जोगाएका छौँ। हाम्रो समानुपातिक मत २२ हजार ३३३ थियो,' उनले भने, 'डम्बरजीले २१ हजार ८४२ मत ल्याउनु भएको छ। चुनाव हार्नु दुःखद् भए पनि उहाँले आफ्नो मत जोगाउनु भयो। यो सकारात्मक हो।' मिडियामा कांग्रेस खत्तम भयो भन्ने भाष्य उपनिर्वाचनबाट खण्डित भएको उनको भनाइ छ। 'एक्लै चुनाव लड्न हाम्रो आधार छ भनेर उपनिर्वाचनले देखाएको छ। कांग्रेस खत्तम भयो भन्ने कुरा पनि खण्डित भएको छ,' कोइरालाले भने।

### गठबन्धनविरोधी तप्कालाई धक्का

उपनिर्वाचनमा कांग्रेसले इलाम–२ र बझाङ प्रदेश सभा–१ मा चुनाव हारे पनि पार्टीभित्रको गठबन्धन विरोधी तप्कालाई धक्का लागेको छ। गत स्थानीय निर्वाचनदेखि नै चुनावी गठबन्धनको विपक्षमा मत राख्दै आएको शेखर कोइराला–गगन थापा समूह उपनिर्वाचनमार्फत एक्लै चुनाव जित्न सकिन्छ भन्ने सन्देश दिन चाहन्थ्यो। इलाम–२ मा खड्का र बझाङमा अभिषेक सिंह जित्दा आफ्नो एजेण्डा स्थापित हुने उनीहरूको रणनीति थियो।

इलाम–२ मा कांग्रेसको संस्थापन पक्षभन्दा इतरपक्षका नेताहरू चुनावमा बढी खटिएका थिए। सबैजसो चुनावी सभामा नेता शेखर कोइराला, महामन्त्री गगन थापा, विश्वप्रकाश शर्माले उपनिर्वाचनबाट गठबन्धनको राजनीति इलामबाट अन्त्य हुने उद्घोष गरेका थिए। तर, इलाममा एमाले–माओवादीको गठबन्धनका साझा उम्मेदवार सुहाङको जितले उनीहरूको एजेण्डालाई धक्का लागेको छ। शेखर–गगनको गठबन्धन विरोधी अभिमतले फागुन २१ मा सत्ता गुमाएको भाष्य निर्माण भइरहेको बेला उपनिर्वाचनको पराजयले कांग्रेसभित्रका गठबन्धन पक्षधरलाई बल पुगेको छ।

---

## *दुर्गा प्रसाईंलाई ...*

प्रारम्भिक अनुमान गरेको थियो। तर प्रहरी जाँचको क्रममा भने लाइसेन्समा उल्लेख भएकै मोडेल अनुसारको अर्धस्वचालित हतियार रहेको खुलेको हो।

प्रसाईंले लिएको लाइसेन्समा 'देशभर जुनसुकै अवस्थामा लिएर हिंड्न पाउने साथै प्रयोग गर्न पाउने' उल्लेख छ। 'निर्णय गर्दा देशभर बोक्न पाउन नमिल्ने गरी निर्णय गरिएको छ। तर लाइसेन्समा भने देशभर भनेर उल्लेख गरिएपछि त्यसमा कैफियत देखिएको छ' समितिका एक सदस्यले भने। प्रसाईंले उक्त हतियार जर्मनीबाट खरिद गरेको खुलेको थियो। प्रसाईंलाई हतियार राख्न प्रशासनले अनुमति दिएपछि गृह मन्त्रालयले १३ फागुन २०७४ मा वाणिज्य विभागलाई हतियार खरिद अनुमतिका लागि पत्राचार गरेको थियो। त्यसको भोलिपल्ट१४ फागुन २०७४ मा शाखा अधिकृत सुशीलराज खनालले हतियार खरिदका लागि अनुमति दिएका थिए।

वाणिज्यबाट खरिद अनुमति पाएपछि प्रसाईंले जर्मनीबाट करिब ४०० युरोमा हतियार खरिद गरेका थिए। प्रसाईंबाट बरामद भएको अर्मेरिया पारिन एआरएल–इटाली, जीएसजी राइफल गज २२ एलआर नामको हतियार हो।

### सफ्टवेयरमा अभिलेख राख्न सुझाव

समितिले सफ्टवेयर बनाएर हतियारको केन्द्रीय अभिलेख राख्न पनि सुझाव दिएको छ। अहिले कति हतियार लाइसेन्स लिएका छन्, भन्ने यकिन विवरण छैन। पत्ता लगाउन ७७ वटै जिल्ला प्रशासनलाई पत्राचार गर्नुपर्ने अवस्था छ। यो अवस्थाको अन्त्य गर्दै सफ्वयेर बनाएर एकीकृत डाटा राख्न समितिले सुझाव दिएको सदस्य एकदेव अधिकारीले बताए।

'हतियार जस्तो संवेदनशील विषयमा जानकारी राख्नका लागि र चाहिएको बेला तत्कालै ट्रेस गर्ने उद्देश्यले सफ्टवेयर बनाएर एकीकृत डाटा राख्न सुझाव दिएका छौं' अधिकारीले भने। त्यसैगरी हातहतियार तथा खरखजाना ऐन, २०१९ हातहतियार तथा खरखजाना नियमावली, २०२८ र मलुकी फौजदारी अपराध संहिता, २०७४ मा पर्याप्त विषय नसमेटिएको भन्दै कानुनमा सुधार गर्नुपर्ने सुझाव समितिले दिएको छ।

हतियारको अभिलेख व्यवस्थापन, इजाजत दिने बेला गरिने अध्ययन, हतियार लिइसकेपछिको नियमन र नवीकरणका बेला जाँच गर्नुपर्ने विषयसमेत समितिले औंल्याएको छ। हतियार लिइसकेपछि त्यसको दुरुपयोग भए/नभएको भन्ने नियमन गर्नुपर्ने पक्षमा समितिले विशेष जोड दिएको छ। हतियार लिइसकेपछि अनुगमन र नियमनमा अहिलेसम्म चासो नदेखिएकाले अनुगमनलाई विशेष प्राथमिकता दिनुपर्ने सुझाव दिइएको समितिका संयोजक पाण्डेले बताए। समितिले कानुनको खण्ड, लाइसेन्स प्रक्रियाको खण्ड, नवीकरणको खण्ड, नियमनको खण्ड गरेर छुट्टा–छुट्टै खण्डको छुट्टा–छुट्टै सुझाव दिएको छ।

## *शिशु हत्या ...*

गाउँबाट आफन्तले खबर गरेपछि प्रहरी घटनास्थलमा पुगेको थियो। पत्राउ परेकी अस्मितालाई उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरेको छ। प्रहरीले शिशुका बाबुको पहिचानको प्रयास भइरहेको जनाएको छ।

## *बैंकबाट १...*

सीसीटीभी क्यामेरामा रेकर्ड भएको भिडियोमा चार पाँच जनाको संख्यामा रहेका चोरहरूले मूल गेटको ताल्चा फुटाएर बैंकभित्र प्रवेश गरी टिनको बाकसमा राखिएको रकम बोरामा हालेर लगेको देखिएको थापाले जानकारी दिए। घटनाको खबर पाएलगत्तै प्रहरीले बैंकमा भएको चोरीको घटनाको सम्बन्धमा अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# क्रसबोर्डर अपराध नियन्त्रण गर्न सशस्त्र प्रहरीको संख्या बढाउनु आवश्यक




**रवीन्द्र उप्रेती**

बर्दिबास, १८ वैशाख। सीमा सुरक्षाको मोर्चामा महत्त्वपूर्ण दायित्व निर्वाह गर्दै आएको सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट ५ करोड बढीका अवैध सामानहरू बरामद गरेको छ। सीमा इलाकाबाट दर्जन बढीलाई उद्धार गर्नुका साथै दैवी विपद्का ११६ वटा प्रभाव क्षेत्रमा उद्धार तथा व्यवस्थापन र अनेकन् सामाजिक दायित्व निर्वाह गरेको सशस्त्रले जनाएको छ।

महोत्तरीमा १७ औँ स्थापना दिवसको अवसर पारेर सशस्त्र प्रहरीले जलसागरस्थित नेपाल ९ नं गण हेड क्वार्टरमा मंगलबार आयोजना गरेको कार्यक्रममा सशस्त्र उपरीक्षक एवं गणपति विनोद केसीले चालु आवको वैशाख १६ गतेसम्म विभिन्न सीमा नाकाबाट ५ करोड ३० लाख २७ हजार मूल्य बराबरका अवैध सामान बरामद गरी भन्सार दाखिला गरेको बताउनुभयो।

यस अवधिमा विभिन्न प्रलोभन तथा झुटो आश्वासनमा पारी भारततर्फ लैजान लागिएका १६ जनालाई दक्षिणी सीमा इलाकाबाट उद्धार गरी सशस्त्र प्रहरीले परिवारको जिम्मा लगाएको उहाँले स्मरण गराउनुभयो। चालु आर्थिक वर्षको ९ महिनामा विपद्का विभिन्न ११६ वटा घट्नमा परिचालित भई प्रभाव क्षेत्रमा उद्धार तथा व्यवस्थापन गर्नुका साथै रक्तदान, सरसफाइ, प्रतीक्षालय निर्माण लगायत चेतनामूलक कार्यक्रमहरूमार्फत सशस्त्र प्रहरीले सामाजिक दायित्व निर्वाह गर्दै आएको विवरण प्रस्तुत गर्नुभयो।

स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सशस्त्र प्रहरीले शान्ति सुरक्षाको पाटोमा निर्वाह गरेको भूमिकाको चर्चा गर्दै तस्करी एवं क्रस बोर्डर अपराध नियन्त्रणका लागि सशस्त्र प्रहरीको संख्या बढाउनु पर्ने आवश्यकता औँल्याउनुभयो। सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालयका बाहिनीपति डिआइजी दीपेन्द्र शाहले आफ्ना कार्यक्षेत्रमा पूर्ण व्यावसायिक रूपमा परिचालित भई नागरिकको सुरक्षा, मानव अधिकारको सम्मान र कर्तव्य परायण भई दायित्व निर्वाह गर्न मातहतका सशस्त्र प्रहरीलाई निर्देशन दिनुभयो। उहाँले मधेश प्रदेशमा परिचालित सशस्त्र प्रहरीका सम्पूर्ण इकाईहरूको कडा परिश्रम, उच्च मनोबल र दायित्व बोधले नं २ छिन्नमस्तालाई प्रधान कार्यालयले उच्च मूल्याङ्कन गर्दै यस वर्षको उत्कृष्ट वाहिनीको रूपमा पुरस्कृत गरेको उल्लेख गर्नुभयो।

डिआइजी शाहले भन्नुभयो, 'यो उपलब्धि, यो सम्मान र यो गरिमा हामी सबैको साझा प्रयास र परिश्रमको प्रतिफल हो।' जलेशवर नगरपालिकाको खानेपानी कार्यालयमा २०६४ साल वैशाख महिनामा सीमा सुरक्षा कार्यालय महोत्तरीको नामले स्थापना भएको सशस्त्र प्रहरीको २०६८ सालमा मटिहानी नपा ९ जलसागरस्थित आफ्नै भवनमा स्थानान्तरित भएदेखि स्थापना दिवस मनाउँदै आएको छ।

२०७५ सालको पुर्नसंरचनासँगै यही कार्यालय 'सीमा सुरक्षा बल' बाट रूपान्तरण भई सशस्त्र प्रहरी बल, नेपाल नं ९ गण हेडक्वार्टर बनेपछि यसको दायित्वमा क्रमिक विस्तार हुँदै आएको छ। यसअघि सीमा सुरक्षाका मात्र जिम्मेवारी निर्वाह गर्दै आएको सशस्त्रले गण बनेपछि जिल्लाको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन, रेल्वे, लोकमार्ग, कारागार एवं सीमा सुरक्षा लगाएको दायित्व निर्वाह गर्दै आएको छ।

# स्रोत नखुलेको नेपाली रुपैयाँसहित एक जना पक्राउ



पर्सा, १८ वैशाख। पर्सा जिल्लाको वीरगन्ज महानगरपालिका-१६ भन्सार इलाकाबाट सोमबार सशस्त्र प्रहरीले स्रोत नखुलेको ३ लाख ३६ हजार नेपाली रुपैयाँसहित एक जनालाई नियन्त्रणमा लिएको छ। बी.आर. ०५ एजेट ७५७४ नम्बरको मोटर साइकलमा नेपालबाट भारततर्फ जाँदै गरेका भारतको पूर्वी चम्पारण रक्सौल घर बताउने ४० वर्षीय अफ्रोज अहमदले सो रुपैयाँको स्रोत खुलाउन नसकेपछि प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगन्जले नियन्त्रणमा लिएको हो।

नियन्त्रणमा लिइएका अहमदको साथमा फेला परेको रुपैयाँमा १ हजार दरको ३६ वटा र ५ सय दरको ६ सय वटा नेपाली नोट रहेको छ। नियन्त्रणमा लिइएका उनलाई बरामद रुपैयाँ तथा मोटरसाइकलसहित आवश्यक कारबाहीको लागि वीरगन्ज भन्सार कार्यालय पर्सामा बुझाइएको छ। मोटरसाइकलको भन्सार दाखिला मूल्य २ लाख रुपैयाँ रहेको छ।

# ३९ वटा पुल निर्माणाधीन अवस्थामा

**विजयकुमार साह**

ढल्केबर, १८ वैशाख। सहज रूपमा आवतजावत गर्न धनुषा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा पुल निर्माणको काम भइरहेको छ। धनुषा र महोत्तरी जिल्ला कार्य क्षेत्र रहेको सडक डिभिजन कार्यालय जनकपुरले दुवै जिल्लामा गरी ३९ वटा पुल निर्माण गरिरहेको छ। सडक डिभिजन कार्यालय जनकपुरका इन्जिनियर विकास झाले कार्यालयको क्षेत्र अधिकारभित्र ३९ वटा पुल निर्माणाधीन अवस्थामा रहेको बताउनुभयो। त्यसमध्ये छ वटा पुल चालू आर्थिक वर्षमा सम्पन्न हुने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार भारतसँगको सीमा विवादका कारण तीन वटा पुलको निर्माण कार्य रोकिएका छन्। त्यस्तै दुई वटा जग्गा विवाद र चार वटाको नक्सा परिवर्तन गर्नुपर्ने भएकाले पुल निर्माणको काम रोकिएको छ।



चालू आर्थिक वर्षमा कुनै पनि पुलको ठेक्का नलागेको बताउँदै इन्जिनियर झाले सबै अघिल्लो वर्षहरूको योजना भएको बताउनुभयो। उहाँले चालू आर्थिक वर्षमा सम्पन्न हुने पुलको ९० देखि ९५ प्रतिशत काम सम्पन्न भएर आवतजावतका लागि खुला गरिएको र बाँकीको काम केही दिनभित्र सकिने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "समयमा नै पुल निर्माणको काम सम्पन्न गर्न तदाकताका साथ काम अघि बढाइएको छ। अधिकांश पुलको फाउन्डेसन उठाउने र स्वल्याब ढलानको काम भइरहेको छ।" पुल निर्माणपछि यातायातलगायत मानिसलाई ओहोरदोहोर गर्न सहज हुने इन्जिनियर झाको भनाइ छ।

ढल्केबर-जनकपुर छ लेन सडकअन्तर्गत मिथिला नगरपालिका-६, स्थित बसही खोलामा विगत तीन वर्षदेखि अलपत्र परेको पुल निर्माणको विषयमा उहाँले ठेकेदार पक्षसँग ठेक्का सम्झौता तोड्ने मनस्थित कार्यालय पुगेको बताउनुभयो। दुई वर्षभित्र पुल निर्माणको काम सक्ने गरी आर्थिक वर्ष २०७५-०७६ मै नागार्जुन जेभि कन्स्ट्रक्सनलाई ठेक्का दिइएको थियो। त्यस अवधिमा पुल निर्माण नभएपछि २०८० साल असार मसान्तभित्र सक्ने थप समय दिइएको थियो तर त्यस अवधिमा पनि पुल निर्माण गर्न नसकेपछि ठेकेदार पक्षसँग ठेक्का सम्झौता भङ्ग गर्ने तयारीमा कार्यालय रहेको इन्जिनियर झाको भनाइ छ।




# अवैधरूपमा सञ्चालित शैक्षिक संस्थामा सिलबन्दी

वीरगन्ज, १६ बैशाख। वीरगन्ज महानगर पालिकाले एक्सेल कलेजको नाममा अवैधरूपमा सञ्चालित शैक्षिक संस्थामा आइतबार सिलबन्दी गरिएको छ। शैक्षिक सत्र सुरु भएसँगै महानगरले दर्ता नभई सञ्चालनमा रहेको तथा दर्ता भएको भन्दा फरक नाममा सञ्चालन भइरहेको भेटिएपछि सिलबन्दी गरेको हो। महानगरपालिकाका शिक्षा अधिकृत आनन्द लामिछानेले भने, 'एउटा नामबाट सञ्चालन अनुमति लिएर, स्वीकृति लिएको ठाउँभन्दा फरक ठाउँमा अवैधरूपमा कलेजको नाममा सञ्चालन भएको भेटिएकाले त्यसमा सिल गरिएको हो।'

कंचनजंघा इंग्लिस स्कुल र ज्ञानबाटिका बोर्डिङ स्कुलको ११ र १२ कक्षाको अनुमतिलाई दुरुपयोग गर्दै वीरगंजको वडा नम्बर ११ मा एक्सेल कलेजको नाममा महानगरमा दर्ता नै नगरी शैक्षिक संस्था संचालन गरेको भेटिएपछि त्यसमा सिल लगाइएको शिक्षा अधिकृत लामिछानेले जानकारी दिए। गएको वर्ष पनि महानगरले विभिन्न ९ वटा शैक्षिक संस्थामा सिलबन्दी गर्दै जरिबाना असुल गरेको थियो। 'विद्यार्थीको शैक्षिक प्रमाण पत्रमा कंचनजंघा र ज्ञानबाटीका बोर्डिङ स्कुलको हुने तर पढाइ हुने फरक भवनमा विद्यालयको राखिएको नाम, विद्यार्थीको आइडी कार्ड, लगायत एक्सेल कलेज किर्ते नाममा चलेको पाइयो। जुन नाम महानगरपालिकामा दर्ता छैन,' उनी भन्छन्, 'दर्ता नभएपछि महानगरपालिकाले चिन्ने कुरा आउँदैन यस्ता नचिनिएका अवैधानिक विद्यालयहरू शैक्षिक सत्रको सुरुवातबाटै सिल गर्न सुरु गरेका हौं।'

महानगरपालिकाले दर्ता नभई सञ्चालन भइरहेका छद्म नामका कलेज, मन्टेसरी, कोचिङ सेन्टर, कन्सल्टेन्सी पनि सिल गर्ने तयारी गरेको छ। आइतबार सिलबन्दी गर्न नियमन समितिका संयोजक इश्वरचन्द्र यादब, नगर प्रमुखज्यूको जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, शिक्षा अधिकृत आनन्द लामिछाने, नगर प्रहरी इन्चार्ज हरि भुषाल लगायतको टोली पुगेको थियो।

## श्रमिकको अधिकार सुनिश्चित गरौं

- श्रम र श्रमिकको सम्मान गरौं।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं।
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं।
- मर्यादित श्रमको प्रवर्द्धन गरौं।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं।
- श्रमिकको योगदानको कदर गरौं।

"श्रमको सम्मान, राष्ट्रको अभियान"
अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)